यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गाउँ कार्यपालिका, कपिलवस्तु

# शिक्षक पेशागत तालिम कार्यक्रम कार्यान्वयन कार्यशर्त (TOR -Terms of Reference) २०८२

## १.परिचयः

यशोधरा गाउँपालिका लुम्बिनी प्रदेश कपिलवस्तु जिल्लामा अवस्थित छ। यसको पूर्वमा मायादेवी गाउँपालिका, पश्चिममा महाराजगञ्ज नगरपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका तथा दक्षिणमा भारत राष्ट्र रहेको छ। यस गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट आ.व. २०८२/८३ मा स्विकृत भएको शिक्षक पेशागत तालिम कार्यक्रममा स्विकृत बजेट रकम रु. ४५००००।- (चार लाख पचास हजार मात्र) को बजेट रकम विनियोजन भएको छ । उपरोक्त कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाले परामर्श सेवा मार्फत गर्नुपर्ने देखिन्छ । कार्यक्रमका लागि परामर्श सेवा संस्थालाई तोकेको सेवा तथा सर्तको अधिनमा रही गाउँपालिकाको कार्यालयसँग समन्वयमा परामर्श सेवा लिने व्यवस्था मिलाउन पहल गर्नेछ ।

शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरूको पेशागत क्षमता, विषयगत दक्षता, ICT प्रयोग, Formative Assessment, समावेशी शिक्षण पद्धति र विद्यार्थी-केन्द्रित कक्षा क्रियाकलापहरूमा सुधार आवश्यक मानिन्छ। शिक्षकलाई आवश्यक पर्ने ज्ञान, सीप, प्रविधि, शिक्षण–व्यवहार र मनोवृत्ति विकास गर्न प्रदान गरिने संरचित तालिम हो। यो तालिमले शिक्षकलाई कक्षाकोठा शिक्षण प्रभावकारी बनाउन, सिकाइ नतिजा उन्मुख शिक्षण प्रक्रिया अपनाउन तथा विद्यार्थीको समग्र विकास सुनिश्चित गर्न सहयोग गर्दछ। नेपालको शिक्षा प्रणालीमा शिक्षक पेशागत तालिमलाई विद्यालय शिक्षाको गुणस्तर सुधारको प्रमुख आधार मानिन्छ। यसले शिक्षकलाई नयाँ पाठ्यक्रम, शिक्षण विधि, मूल्यांकन प्रणाली, ICT प्रयोग तथा समावेशी शिक्षाका सिद्धान्तहरू प्रभावकारी रूपमा प्रयोग गर्न सक्षम बनाउँछ।

यस उद्देश्य पूरा गर्नका लागि योग्य र सुचिकृत वा दर्ता भएका परामर्श प्रदान गर्ने वा तालिम प्रदायक संस्थाबाट सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धात्मक छनोट प्रक्रियाबाट शिक्षक पेशागत तालिम सञ्चालन गराउनुपर्ने भएकोले यो TOR तयार गरिएको हो।

## २. तालिमका उद्देश्य

- ✓ शिक्षकको विषयगत तथा शैक्षिक सीपमा सुधार ल्याउने।
- ✓ नयाँ पाठ्यक्रमअनुसार शिक्षण रणनीति र मूल्यांकन पद्धतिमा दक्षता विकास गर्ने।
- ✓ ICT आधारित सिकाइ/शिक्षण सञ्चालन क्षमता अभिवृद्धि गर्ने
- ✓ विद्यार्थी–मैत्री, समावेशी, सक्रिय सिकाइ–शिक्षण पद्धति अपनाउने क्षमता बढाउने।
- ✓ विद्यालयको समग्र सिकाइ उपलब्धिमा योगदान पुऱ्याउने।

## ३. कार्यक्षेत्र

छनोट भएको सेवा प्रदायकले निम्न कार्यहरू गर्नुपर्नेछः

- ✓ तालिम कार्ययोजना तयार गर्ने।
- ✓ तालिम सामग्री—Manual, Handout, PPT, Worksheets—विकास तथा वितरण गर्ने।
- ✓ दक्ष प्रशिक्षक परिचालन गरी तालिम सञ्चालन गर्ने।
- ✓ Pre-test, Post-test, Daily Reflection, Presentation आदि सञ्चालन गर्ने।
- ✓ तालिम उपस्थिति, फोटो, भिडियो र रिपोर्टिङ गर्ने।
- ✓ तालिम समाप्तिपछि १५(पन्ध्र) दिनभित्र विस्तृत प्रतिवेदन बुझाउने।

## ४. कार्य क्षेत्र र सहभागी संख्याः

- ✓ यशोधरा गाउँपालिका अन्तरगत संचालनमा रहेर IEMIS CODE लिएका सम्पूर्ण सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयमा अध्यापनरत कक्षा १-५ का शिक्षकहरु मध्ये प्रत्येक विद्यालय बाट १/१ जनालाई पेशागत तालिम दिनुपर्नेछ।

## ५. लागत अनुमान

प्रमुख प्रशासकीय अधिकृत

✓ गाउँपालिकाले संन्चालन गर्ने कार्यक्रमको नर्मस तथा लागत अनुमान गाउँपालिकाको नियमानुसार हुनेछ।

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

६.सूचना प्रकाशन तथा प्रस्ताव आहवान तथा परामर्शदाताको योग्यता

(१) गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न परामर्श सेवा छनौट प्रस्ताव आहवान गरी सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) सूचना प्रकाशन गर्दा देहायबमोजिमको प्रक्रिया पुर्याउनु पर्नेछः—

(क) पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ।

(ख) प्रथम पटक सूचना प्रकाशन गर्दा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश हुन नआएमा पुनः सात दिनको लागी दोस्रो पटक प्रस्ताव आहवान गर्नेछ ।

३.सेवा प्रदायक (परामर्शदाता) हरुको योग्यता तथा आवश्यक कागजातहरुः

क. कार्यक्रम संन्चालन गर्न सेवा प्रदायक (परामर्शदाता) हरुको योग्यता निम्न अनुसार हुनेछ ।

१. प्रचलित कानून अनुसार दर्ता भएको र आ.व.२०८२/२०८३ सम्मको लागी नवीकरण तथा अध्यावधिक गरेको पत्र ।

२. मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता भएको ।

३. आ.व.२०८१/२०८२ सम्मको कर चुक्ता प्रमाण पत्र भएको ।

४. प्रचलित कानून अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको ।

५. सेवा प्रदायक संस्थाले प्राबिधिक तथा आर्थिक प्रस्ताव अलग अलग पेश गर्नुपर्नेछ ।

६. कार्य अनुभवको लागी कार्य सम्पन्न पत्र पेश भएको हुनुपर्नेछ ।

७. यस कार्यालयमा उक्त परामर्शदाता सुचिकृत भएको हुनुपर्नेछ ।

८. ईच्छुक सेवा प्रदायक संस्थाले यसै TOR मा रहेको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

ख. प्रशिक्षकको न्यूनतम योग्यता

१. शिक्षा वा सम्वन्धित विषयमा न्यूत्तम स्नातक तह उत्तीर्ण गरेको हुनुपर्दछ ।माथिल्लो शैक्षिक योग्यतालाई प्रागमिकता दिईनेछ ।
२. न्यूनतम २ वर्षको शिक्षक तालिम अनुभव।
३. ICT, Formative Assessment, Active Learning मा दक्षता।
४. तालिम संचालन गरेको अनुभव (प्राथमिकता)।

ग. उक्त कार्यक्रमहरु संचालनको क्रममा सेवा प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

१. कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकासँग समन्वय गरी तालिम कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२. प्रभावकारी रुपले कार्यक्रम संचालन गर्न आवश्यक यन्त्र उपकरण, औजार , सहभागीको यातायात खर्च, खाजा, कच्चा पदार्थ, शैक्षिक सामाग्रीहरु प्रर्याप्त मात्रामा सेवा प्रदायकले नै आफै व्यवस्था गर्नुपर्ने छ ।

३. कार्यक्रम संचालनको सिलसिलामा आवश्यक अन्य व्यवस्था तथा सामग्री मिलाउने सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकको नै हुनेछ ।

४. सेवा प्रदायकले योजना अनुसार कार्यक्रमको पूर्व तयारी तथा योजना निर्माण गर्नुपर्नेछ,

५. कार्यक्रम सञ्चालन गर्न छनौट हुने सेवा प्रदायक परामर्शदाताले तालिम संचालनको लागि हलको व्यवस्था आफै गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

६.तालिम कार्ययोजना (TIP) बनाउनुपर्नेछ ।

७.प्रशिक्षकको प्रस्तुतीकरण सामग्री बनाउनुपर्नेछ ।

८. सहभागीहरुको उपस्थिति विवरण राख्नुपर्नेछ ।

९.तालिम समापन प्रतिवेदन निर्माण गर्नुपर्नेछ ।

७. सेवा प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समयः गाउँपालिकासँग सम्झौता भए पछि तालिम शुरु गर्नुपर्नेछ । साथै सम्पूर्ण कार्यक्रम ढिलोमा २०८२ माघ मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । यदि म्याद थप गर्नु पर्ने भए मनासिब कारण सहित म्याद थपको निवेदन पेश गरेमा गाउँपालिकाले २०८२ फागुन मसान्त सम्म समयावधि थप गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. मूल्याङ्कन गर्ने आधार

प्राविधिक प्रस्ताव मूल्याङकन गरेपछि मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । लागत र गुणस्तर विधिद्वारा आर्थिक प्राविधिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । प्रभावकारी रुपमा कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलवा थप जनशक्ति परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन । प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम गाउँपालिकाको आ.व.२०८२/८३ को गाउँपालिका अनुदान तर्फ स्वीकृत वार्षिक कार्यक्रम शिक्षकको पेशागत विकासमा बाँडफाड भएको श्रोतबाट व्यहोरिनेछ । प्रस्ताव मूल्याङ्कनको लागि कार्यक्रमको गुणस्तरलाई समेत ध्यान दिनु पर्ने भएकोले गुणस्तर र लागत विधि अपनाई यस कामको प्रकृती अनुसार प्राविधिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिम आधारमा गरिनेछ ।

| क.सं | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | प्राविधिक प्रस्तावसँग मागिएका कुराहरुको पूर्णता | १० |
| २ | सम्बन्धित विषयमा तालिम दिएको अनुभव | २५ |
| ३ | सेवा दिने सुविधाको उपलब्धता | १५ |
| ४ | कार्यक्रम कार्यान्वय विधि / तालिम कार्ययोजना | २० |
| ५ | जनशक्तिको योग्यता, तालीम र अनुभव | २० |
| ६ | गाउँपालिकामा सुचि दर्ता भएको परामर्शदाता | १० |
| जम्मा | | १०० |

प्रस्तावको छनौट गर्न गुणस्तर र लागत विधि अपनाईने भएकोले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सफल प्रस्तावदाताहरुको प्रस्ताव स्वीकृत गरी छनौट गरिनेछ ।

क. प्राविधिक प्रस्तावको मूल्यांकन

$$\frac{\text{प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क} \times ८०}{१००}$$

ख. आर्थिक प्रस्तावको मूल्यांकन

$$\frac{\text{आर्थिक प्रस्तावमध्ये सबैभन्दा घटी कबोल अङ्क} \times २०}{\text{प्रस्तावदाताको आफ्नो कबोल अङ्क}}$$

ग. माथि (क) र (ख) मा प्राप्त गरेको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा सबै भन्दा बढी अंक पाउने परामर्शदाता सफल हुने हुँदा निजलाई कार्यक्रम संचालनको लागि छनौट गरिनेछ ।

९. सेवा प्रदायक संस्था छनौटः

क. सेवा प्रदायक संस्था वा परामर्शदाताले गाउँपालिकाबाट प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना प्रकाशन भए अनुसार प्रस्ताव पेश गर्नुपर्नेछ ,

ख. माग गरिएको प्राविधिक र आर्थिक प्रस्तावनाको यसै TOR मा भएको ढाँचा बमोजिम विवरण भरी प्रस्ताव तयार तथा पेश गर्नुपर्नेछ ।

घ. प्रस्ताव स्वीकृत भएमा गाउँपालिका र सेवा प्रदायक बिच भएको सम्झौताका शर्तहरु बमोजिम कार्यक्रम संचालन गर्ने साथै कार्यक्रमको क्रममा आईपर्ने समस्याहरु, अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा गाउँपालिकामा सम्पर्क गर्नु पर्नेछ । साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ङ. प्रस्तावदाताले आर्थिक र प्राविधिक सहितको प्रस्ताव गाउँपालिकामा पेश गर्ने सूचना बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न जनशक्तिको वैयक्तिक विवरण तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका अन्य आवश्यक कागजातहरु पेस गर्नुपर्नेछ ।

च. आर्थिक प्रस्तावनामा मूं.अ.कर रकम छुटयाई कार्यक्रम संचालनको लागी प्रस्तावदाताले आर्थिक प्रस्तावको ढाँचामा उल्लेख भए अनुसार पेश गर्नुपर्नेछ ।

छ. प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सही गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

ज. प्राविधिक प्रस्तावतर्फ प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिको आफ्नो हाल सालैको व्यक्तिगत विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनुपर्न्नेछ ।

**१०. परामर्श सेवाप्रदायकको दायित्व**

सेवा प्रदायक संस्थाले सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समावेस भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ । उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको कार्यक्रमको सम्बन्धमा कुनै समुहमा सिकायत प्राप्त भएमा त्यस्तो समूहमा पुनः कार्यक्रम संचालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ । साथै आचरण सम्बन्धमा कुनै सिकायत प्राप्त भएमा आचरण सम्बन्धि नियमानुसार हुनेछ । कार्यक्रम संचालनको क्रममा गाउँपालिकालाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सो को जिम्मेवार सम्बन्धित सेवा प्रदायक स्वयम् को हुनेछ ।

**११. तालिम संचालनको अनुगमन तथा सुपरीवेक्षण**

कार्यक्रम संचालनको क्रममा बीच कार्यक्रमको अनुगमन सुपरीवेक्षण गर्न गाउँपालिकाका पदाधिकारी वा कर्मचारीहरु बाट हुनेछ।

**१२. आचरण**

गाउँपालिका तथा परामर्शदाताको लागी देहाय बमोजिमको आचार संहिता लागु हुनेछ ।

क. छनौट भएको परामर्शदाताले कार्यक्षेत्रगत शर्त तथा सम्झौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समयावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ ।

ख. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले गलत विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाइनेछैन । गलत विवरण तयार गरी प्रस्ताव पेश हुन आएमा सो को छानबीन गरी तथा गलत विवरण समावेश भएको पाइएमा सम्बन्धित प्रस्तावदाताहरुको प्रस्ताव रद्द गर्न समेत सकिनेछ ।

ग. सम्झौताको कार्यान्वयको अवधि तथा सम्झौता समाप्त भए पश्चात पनि सेवा सँग सम्बन्धित प्राप्त कुनै गोप्य कुरा राख्नुपर्ने सूचना वा अन्य कुरा पालिकासगँ लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरेसम्म गोप्य नै राख्नुपर्नेछ ।

घ. गाउँपालिकाले प्रस्तावमा उल्लेख भए बमोजिम समयमै प्रतिवेदन पेश भएपछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम भुक्तानी दिइनेछ ।

**१३. भुक्तानी प्रक्रिया**

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरु मध्ये सेवा उपलब्ध गराउनका लागी छनौट भइसकेपछि पालिका तथा सम्बन्धित परामर्शदाता बिच सम्झौता गरिनेछ । उक्त सम्झौतामा परामर्शदातालाई भुक्तानीका सम्बन्धमा देहाय बमोजिमको सर्त समेत समावेश गरिनेछ ।

क. सेवा प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरिसकेपछि पालिकाले तोकिएको ढाँचामा "कार्य सम्पन्न प्रतिवेदन" का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजातहरु गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

ख. सेवा प्रदायकले पालिका समक्ष लिखित निवेदनका साथै आवश्यक कागजात सहित भुक्तानी माग गरेकोमा र आवश्यक कागजात दुरुस्त भएमा भुक्तानी दिईनेछ ।

ग. सेवा प्रदायक संस्थाका लागि गरिने भुक्तानी तरिकाः

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तालिम प्रदायक संस्थालाई कार्यक्रम सम्पन्न भएपछि बापत गरिने भुक्तानी एकमुष्ठमा आधारीत हुनेछ । एकमुष्ठ भुक्तानी दिदाँ एकमुष्ठ रुपमा कार्य सम्पन्न पश्चात् नियमाअनुसार दिइनेछ । कार्य सम्पन्न प्रतिवेदन लगायत अन्य आवश्यक कागजातहरु प्राप्त नभए भुक्तानी गरिनेछैन ।

**१४. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धि व्यवस्था**

क. सेवा प्रदायकको ढिला सुस्ती वा अन्य कारणले सम्झौता बमोजिम कार्यक्रम सम्पन्न हुन नसकेमा वा हुन बाँकि रहेको कामका लागी लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ ।
ख. यस TOR मा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन, कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

**१५.समाप्ति**

यदि कार्यक्रम निर्दिष्ट मापदण्ड अनुसार अघि नबढेमा वा अनियमितता देखिएमा सम्बन्धित निकायले पूर्वसूचना दिई कार्यक्रम रद्द गर्न सक्छ।

**१६. प्रचलित कानुन अनुसार हुने**

यस कार्यक्रम कार्यान्वयन कार्य सर्त, २०८२ मा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।साथै यस कार्यशर्तमा उल्लेख भएका कुनै कुरामा प्रचलित कानुन अनुसार बाझिएको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

**<u>प्रस्ताव पेश गर्दा पालना गर्नुपर्ने शर्तहरु</u>**

१. प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सहि गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ साथै पेश गरिएको प्रतिलिपी कागजातहरु परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले दस्तखत तथा संस्थाको छाप लगाई प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
२. सम्बन्धित विषयमा परामर्शदातासँग भएको सेवा सुविधा लगायतको विवरण पेश गर्नुपर्नेछ ।
३. सम्बन्धित कार्यमा संलग्न जनशक्तीको योग्यता, अनुभव सम्बन्धि कागजातहरु पेश गर्नुपर्नेछ ।
४. परामर्श सेवा दिने संस्था वा कम्पनी दर्ता, मू.अ.कर दर्ता, आ.व.२०८१/८२ सम्मको कर चुक्ता, नवीकरण र अध्यावधिक गरिएको कागजात र नवीकरण सम्बन्धि पेश गर्नुपर्नेछ ।
५. प्रचलित कानुन अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको स्व–घोषणा पत्र पेश गर्नुपर्नेछ ।
६. उपलब्ध गराईएको ढाँचा अनुसार तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै पेश गर्नुपर्नेछ ।
७. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा राखी सो खाममा विषय लेखि "आर्थिक प्रस्ताव" र "प्राविधिक प्रस्ताव" खुलाई अलग अलग शिलबन्दी गरी पुनः दुवै प्रस्तावित कार्यक्रमको विषय, प्रस्ताव दाताको नाम ठेगाना सहितको विवरण लेखि सूचनामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ ।
८. प्राविधिक प्रस्ताव खामभित्र मुल्य वा आर्थिक प्रस्तावको कुनै पनि कुरा दर्शाउने व्यहोरा उल्लेख गर्न पाईदैन ।
९. आर्थिक र प्राविधिक प्रस्ताव सम्बन्धि कुनै दुविधा भएमा कार्यालय समय भित्र गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ ।
१०. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समय सम्म प्रस्ताव दर्ता गर्न सकिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्ताव पेश गर्ने संस्थाका प्रतिनिधिहरुको उपस्थिति नभएपनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
११. अन्य कुरा एंव शर्त सम्झौता पत्र तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) मा उल्लेख भएका शर्तमा बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार

लुम्बिनी प्रदेश

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैदौली कपिलबस्तु

**शिक्षक पेशागत तालिम कार्यक्रम संचालनका लागी पेश गरेको प्राबिधिक प्रस्तावना आ.व.२०८२/८३**

कार्यक्रम संचालन गर्ने स्थानः

प्राबिधिक प्रस्तावना पेश गर्ने सेवा प्रदायक संस्थाको विवरणः

१. संस्थाको नामः २. संस्थाको ठेगानाः ३.सम्पर्क व्याक्तिः

फोन नं. ईमेलः

४. संस्था दर्ता प्रमाण पत्र, जारी मिति तथा नविकरण

संस्था दर्ताः संस्था दर्ता नं. संस्था दर्ता मितिः संस्था नविकरणः

५. मूल्य अभिबृद्धि कर तथा लेखा नं. र जारी मितिः मूल्य अभिबृद्धि कर नं.

दर्ता मितिः

६. आ. व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र

आन्तरिक राजश्व बिभाग करदाता सेवा कार्यालय, ................ को च.नं. ........ मिति ........... को पत्र

७. अन्य भए . . . .

८. जनशक्ति संरचना तथा कार्य बिभाजन

क) जनशक्तिको संरचनाः

१. संस्था प्रमुखको नामः २. कार्यकारी अधिकृतको नामः

शैक्षिक योग्यताः शैक्षिक योग्यताः

३. प्रस्तावदाताको तर्फबाट मुख्य भई काम गर्ने व्याक्ति (कार्यक्रम व्यवस्थापक) को नामः दर्जाः

शैक्षिक योग्यताः

ख) आर्थिक प्रशासन प्रमुखको नामः दर्जाः शैक्षिक योग्यताः

ग) कर्मचारी प्रशासन प्रमुखको नामः दर्जाः शैक्षिक योग्यताः

घ) संचालन गर्ने जनशक्ति बिवरणः

| क.स | प्रशिक्षकको नाम | बिषय | योग्यता | अनुभव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रशिक्षकको बिवरण अनुसुचीमा उल्लेख हुनु पर्नेछ ।

९. प्रस्तावदाता (संस्था/फर्म/कम्पनी) ले सम्बन्धित विषयमा बिगत आ.व.को अनुभव।

१०. भौतिक बिवरणः कार्यक्रम सँग सम्बन्धित भौतिक विवरण उल्लेख गर्नुपर्नेछ ।

११. कार्ययोजना तथा कार्यबिधिः

१. कार्ययोजनाः

कार्य सम्पन्न गर्ने समयाबधिः जिम्मेबार व्याक्तिः सहयोगी व्याक्तिः

सुचकांङ्कहरुः अपेक्षित परिणामः

१. कार्यान्वयन पद्धतिः

**माथिका शर्तहरुसंग सहमत छुः**

**दस्तखत गर्ने**

नामः पदः

संस्थाको नामः संस्थाको छापः

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
लुम्बिनी प्रदेश
यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली कपिलबस्तु ।

**शिक्षक पेशागत तालिम कार्यक्रम संचालनका लागी पेश गरेको आर्थिक प्रस्तावन आ.व.२०८२/८३**

कार्यक्रम संचालन गर्ने स्थानः

प्रस्तावना पेश गर्ने तालिम प्रदायक संस्थाको नामः ठेगानाः फोन नं.

कार्यक्रमको नामः

कार्यक्रम संचालन गर्ने स्थानः

| क.स. | कार्यक्रमको नाम | जम्मा कवोल (अंक) रकम रु |
|---|---|---|
| १ | शिक्षक पेशागत तालिम कार्यक्रम संचालन | |
| | जम्मा रु | |
| | मू. अ. कर १३ % | |
| | कुल जम्मा (भ्याट समेत) रु | |
| अक्षेरुपी रु (भ्याट सहित) : | | |

<u>आर्थिक प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु</u>

१. यस गाउँपालिकाबाट उपलब्ध गराईएको आर्थिक प्रस्तावको ढाँचा बमोजिमको विवरण प्रष्ट रुपमा बुझिने गरी भरी पेश गर्नु पर्ने छ ।

२.कार्यक्रम संचालनको कबोल अंक भर्दा संचालन गरिने कार्यक्रमको माथि उल्लेखित ढाँचा अनुसार एकमुष्ठ कबोल अंक भरी पेश गर्नु पर्ने छ ।

३. कबोल रकम दिईएको महलको तोकिएको स्थानमा मात्र अंक र अक्षरमा प्रष्ट पारी केरमेट नगरी, केरमेट भए सहि छाप गरी पेश गर्नु पर्ने छ । माथी उल्लेखित महल बाहेक भिन्दै स्थानमा कबोल अंकलाई पुःन प्रभाव पार्ने गरी कुनै कुरा उल्लेख गर्न पाईने छैन र सो मान्य पनि हुने छैन ।

४. अन्य कुरा एवं सर्त सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहति) मा उल्लेख भए बमोजिम हुनेछ ।

<u>माथिका शर्तहरुसंग सहमत छुः</u>

<u>दस्तखत गर्ने</u>

नामः

पदः संस्थाको छापः

हस्ताक्षरः

प्रमुख प्रशासकीय अधिकृत